

भक्तपुर जिल्लाको कोरोना भाईरस (COVID-19) को प्रकोप रोकथाम, नियन्त्रण र पूर्वतयारीको

# संयुक्त प्रतिकार्य योजना

नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, भक्तपुर

२०७६ चैत्र ०५

## भक्तपुर जिल्लाको कोरोना भाईरस (COVID-19) को प्रकोप रोकथाम, नियन्त्रण र पूर्वतयारीको संयुक्त प्रतिकार्य योजना

### १. पृष्ठभूमी

चिनबाट विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) का कारण हालसम्म ठुलोमात्रामा संक्रमण फैलिनुका साथै ८ हजार भन्दा वढी व्यक्तिको ज्यान गै सकेको छ । विश्व स्वास्थ्य संगठन (WHO) ले कोरोना प्रकोपलाई विश्वव्यापी महामारी घोषणा गर्दै विश्व नै अति जोखिममा रहेको तथ्य सार्वजनिक गरेको छ ।

नेपालमा हालसम्म कोरोनाको प्रकोप नै नदेखिएको भएतापनि जोखिमको सूचीमा रहेको र संक्रमणको सम्भाव्य खतरालाई मध्यनजर गर्दै नेपाल सरकारले यस प्रकोपको पुर्वतयारीका लागि आवश्यक पहलहरु गरेको छ । यसै क्रममा भक्तपुर जिल्लामा कोरोना भाइरसको संक्रमण, रोकथाम, नियन्त्रण र सजगताका लागि सवै निकायका लागि मार्गदर्शनका रुपमा भक्तपुर जिल्लाको कोरोना भाईरस (COVID-19) को संयुक्त संक्रमण प्रतिकार्य योजना तयार गरिएको छ।

### २. प्रतिकार्य योजनाको उद्देश्य

यो संयुक्त संक्रमण प्रतिकार्य योजनाको मुख्य उद्देश्य कोरोना भाईरस (कोभिड-१९) को सम्भावित संक्रमणको पूर्वतयारी, प्रतिरोध, रोकथाम र नियन्त्रणका लागि पूर्वतयारी गर्न ब्यवहारिक र प्रभावकारी योजना बनाई कार्यान्वयन गर्नु/गराउनु हो ।

यस मुख्य उद्देश्य प्राप्तिका लागि देहायका उद्देश्यका लागि यो प्रतिकार्य योजना वनाइएको छः-

१. सम्भावित जोखिमको पूर्व तयारी गर्न

२. कोरोना प्रकोपको प्रतिरोधका लागि जिम्मेवार निकाय तथा तीनका भूमिका स्पष्ट गर्न

३. समन्वय र सहकार्यका लागि मार्गदर्शन गर्न

### ३. हालको अवस्था

विश्वव्यापी रुपमा कोरोनाको संक्रमण वढी रहेको छ । हालसम्म युरोप, अमेरिका र अफ्रिका ठूलो प्रभाव पारिसकेको छ भने दक्षिण पूर्वी एशियामा संम्भावित ठूलो खतराको चेतावनी WHO ले जारी गरेको छ ।






*चित्र:: विश्वभरमा कोरोनाको प्रभाव*

*चित्र: Mar 16 सम्म कोरोनाको विस्तार संख्यामा*

यो प्रतिकार्य योजना तयार पार्दा सम्म WHO ले आधिकारिक रुपमा जारी गरेको Status Report अनुसार कोरोनाको प्रकोप यस प्रकार रहेको छ ।

**तालीकाः कोरोनाको संक्रमणको अवस्था**

| | |
|---|---|
| Coronavirus confirmed cases | 207,860 |
| Deaths | 8,657 |
| countries, areas or territories with cases | 166 |

*श्रोतः https://experience.arcgis.com/ retrived on 2076.12.6 at 11:15 AM*

## ४. हालसम्म गरिएका कामहरु

### क) बैठक र निर्णयहरु

मिति २०७६।१२।०३ गते जिल्ला प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा तथा यस जिल्लावाट प्रतिनिधित्व गर्ने सांसदज्यूहरु, चारवटै नगरपालिकाका मेयरज्यूहरु लगायत पदाधिकारीको उपस्थितिमा जिल्ला विपद व्यवस्थापन समितिको बैठकले कोभिड १९ को जोखिम पूर्वतयारीका सम्बन्धमा देहायका निर्णय गरिएको ।

१. जिल्लाभित्र रहेका चारवटै नगरपालिका र नेपाल रेडक्रस सोसाइटीसँग विपद् व्यवस्थापनसम्बन्धी सम्पर्क व्यक्ति र गतिविधिको विवरण माग गर्ने ।

२. भाइरस संक्रमणको रोकथाम नियन्त्रण र सजगता अपनाउन सरकारी तथा गैरसरकारी कार्यालयहरु,स्थानीय तहहरु, स्थानीय सञ्चार माध्यमहरु, नागरिक समाज,पेशाकर्मी, समाजसेवीहरुसँगको सहकार्यमा सचेतनामूलक अभियान सञ्चालन गर्ने ।

३. कोरोना भाइरसको रोकथामको लागि जिल्लास्थित स्वास्थ्यकर्मीहरु आवश्यक परेको समयमा स्वास्थ्य सेवा उपलव्ध गराउनतयारी अवस्थामा राख्ने र सरकारी तथा निजी अस्पतालहरुमा Isolation कक्षहरु तयार गर्ने ।

४. कालो बजारी र कृत्रिम अभाव हुन नदिन नियमितरुपमा बजार अनुमगन गर्ने र अनुगमनबाट कालो बजारी गरेको पाइएमा तत्काल कानूनी कारवाहीको दायरामा ल्याउने ।

५. जिल्लाभित्र जमघट, भीडभाड हुने खेलकुद, सभा सम्मेलन लगायतका कार्यहरु नगर्न नगराउन जिल्लावासीहरुलाई अनुरोध गर्ने ।

६. जिल्ला स्वस्थ्य कार्यालय भक्तपुरका कार्यालय प्रमुख कृष्णबहादुर मिजारको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय भक्तपुर, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी,भक्तपुर अस्पताल र नेपाल रेडक्रस सोसाइटीको संलग्नतामा Corona Virus Response Plan (कोरोना भाइरस प्रतिकार्य योजना) तयार गर्ने ।

७. कोरोना भाइरस संक्रमणलाई ध्यानमा राखी जिल्लाभित्रका सबै सरोकारवाला निकायबीच कार्यक्रमको सिकाई आदान प्रदान गर्ने ।

८. विश्वव्यापी रुपमा देखिएको कोरोना भाइरसको संक्रमणलई मध्यनजर राखी भक्तपुर जिल्लाभित्र काम गर्ने गरी Quick Response Team ( QRT) गठन गर्ने ।

**ख) निर्णयको कार्यान्वयन**

१. विपद् व्यवस्थापनसम्बन्धी सम्पर्क व्यक्तिहरुको तोकिएको ।

२. भाइरस संक्रमणको रोकथाम नियन्त्रण र सजगता अपनाउन सचेतनामूलक अभियान सञ्चालन भइरहेको ।

३. जिल्लास्थित स्वास्थ्यकर्मीहरु आवश्यक परेको समयमा स्वास्थ्य सेवा उपलव्ध गराउन तयारी अवस्थामा राखिएको ।

४. जिल्लाभित्र जमघट, भीडभाड हुने खेलकुद, सभा सम्मेलन लगायतका कार्यहरु नगर्न नगराउन जिल्लावासीहरुलाई अनुरोध गरि विज्ञप्ति निकालिएको ।

५. Corona Virus Response Plan (कोरोना भाइरस प्रतिकार्य योजना) तयार भएको।

६. भक्तपुर जिल्लाभित्र काम गर्ने गरी सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा Quick Response Team ( QRT) गठन गरिएको ।

७. मिति २०७६।१२।०४ गते कोरोना भाइरसको संक्रमणबाट बच्न आवश्यक पहल गर्न अनुरोध गरी प्रेस विज्ञप्ति जारी गरिएको ।

८. मिति २०७६।१२।०१ गतेदेखि जिल्ला प्रशासन कार्यालय, भक्तपुर र महानगरीय प्रहरी परिसर भक्तपुरले संयुक्त रुपमा बजार अनुगमन गरिएको ।साथै नियमितरुपमा अनुमगन भइरहेको ।

९. सरकारी तथा निजी स्वास्थ्य संस्थाको कर्मचारीहरूलाई आवश्यक परेको बेला स्वास्थ्य सेवा उपलब्ध गराउन तयार राख्ने भनी पत्रचार गरिएको ।

१०. भक्तपुर जिल्लामा सञ्चालनमा रहेका सरकारी तथा निजी अस्पतालहरूमा सक्दो आइसोलेसन कक्ष र जनशक्ति तयार गरी राख्न निर्देशन दिइएको ।

११. चार वटै नगरपालिकाहरूमा आइसोलेसन वार्ड तयार गर्ने, जनचेतना फैलाउने, प्रतिकार्य योजना बनाउने कार्यको लागि सहजीकरण गरिएको ।

१२. भक्तपुर उद्योग वाणिज्य संघ, नेपाल औषधी व्यवसायी संघ, उपभोक्ता, पत्रकार नागरिक समाजका प्रतिनिधिहरूबीच कोरोनाको सन्दर्भ पारी गरिने कालाबजारी गर्ने लगायतका कार्य नियन्त्रण गर्न गराउन छलफल तथा अन्तरक्रिया गरिएको ।

१३. कार्यालय प्रमुखहरूलाई सचेतना कार्यक्रम सञ्चालन गर्ने, कार्यालयहरूमामास्क, स्यानेटाइजर प्रयोग गर्ने, सफा सुग्घर राख्ने, सेवाग्राहीहरूलाई समेत मास्क प्रयोग गर्ने लगायतका विषयमा जानकारी गराउन निर्देशन दिइएको ।

१४. यस जिल्लामा सरकारी तथा निजी अस्पतालहरूमा जम्मा २५ वटा आइसोलेसन बेडहरू तोकिएको ।

**ग) स्वास्थ्य सम्बन्धी तयारी**

१. चारवटै नगरपालिकाका स्वास्थ्य संयोजकहरुलाई कोभिड १९ सम्बन्धी अभिमुखिकरण गरिएको र आफु मातहतका संघ-संस्थाहरलाई आफु बच्ने र अरुलाई बचाउने उपाय बारे जानकारी गराउन अनुरोध गरेको

२. अस्पताल, रेडक्रस ,हेर बिचार संस्था संगको समन्वयमा हेल्थ डेस्क स्थापना र जनचेतना अभिबृद्धि कार्यक्रम संचालन भएको

३. पम्फपेल्ट, पर्चा छपाइ र बितरण गर्नुका साथै बिभन्न स्थानमा फेलक्सहरु राखी जनचेतना अभिबृद्धि गरेको

४. चागुनारायण नगर पालिका का हे.पो. इन्चार्जहरु लगायत विभिन्न स्थानमा कोभिड १९ सम्बन्धी अभिमुखिकरण गरिएको ।

५. जिल्लाका विभिन्न कार्यालयका सूचना अधिकारीहरु तथा सशस्त्र प्रहरी बल गणमा अधिकृत तथा जवानहरुलाई अभिमुखिकरण गरेको

६. आइसोलेशन वार्डको ब्यवस्थापन गरीएको स्वास्थ्य कार्यालयमा उपचारको लागि फोकल पर्सन तोकिएको र अस्पताल परिसरको सरसफाइ गरिएको ।

७. मास्क,पञ्जा, पि.पि.ई, गन थर्मोमिटरको ब्यवस्था गरी अन्य आवश्यक उपकरणको ब्यबस्थापन गरेको

८. आफु सुरक्षित हुने र अरुलाई सुरक्षित राख्ने तरिकाको वारेमा स्वास्थ्यकर्मीलाई अभिमुखिकरण भएको ।

## ५. प्रतिकार्यमा जिम्मेवार निकाय र सम्पर्क व्यक्तिहरु

| सिन | कार्यालय | (कार्यालय प्रमुख कोरोना Focul Person) को नाम र नम्वर | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्र.जि.अ. हुमकला पाण्डे | ६६१४४३७ | ९८५१२१७७७७ |
| | | स.प्र.जि.अ.दिलिप प्र. लामिछाने | ६६१५५९५ | ९८४०१०८५२४ |
| २ | विरदल गण सुर्यविनायक व्यारेक | गणपति शिबप्रसाद पौडेल | ५०९२२७५ | ९८५११५९१८८ |
| ३ | महानगरिय प्रहरी परिसर भक्तपुर | प्र.उ. सबिन प्रधान | ६६१७१३१ | ९८५१२१५५५५ |
| ४ | सशस्त्र प्रहरी बलनं.२२ | स.प्र.उ. विश्व कुमार भट्टराई | ५१४४५१० | ९८५१२७२०३४ |
| ५ | रा. अनुसन्धान जिल्ला कार्यालय | उ.अ.नि. सुरेन्द्र कोइराला | ६६१८७७७ | ९८५११७४५४६ |
| ६ | भक्तपुर अस्पताल | मे.सु. डा.सुमित्रा गौतम | ६६१४४३० | ९८५८०२३०४७ |
| ७ | स्वास्थ्य कार्यालय भक्तपुर | का.प्र. कृष्णबहादुर मिजार | ६६१६०१० | ९८४१८८४४१९ |
| ८ | भक्तपुर क्यान्सर अस्पताल | कार्यालय प्रमुख | | |
| ९ | शहीद धर्मभक्त रा.प्रत्यारोपण केन्द्र | का.प्र. डा.पुकार चन्द्र श्रेष्ठ | ६६१४७०९ | ९८५१११५१३६ |
| १० | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | आ.चिकित्सक नदन कँडेल | ६६१२०८८ | ९८५११८५७२८ |
| ११ | जिल्ला समन्वय समितिको का. | जि.स.अ.जगन्नाथ लामिछाने | ६६१४८२६ | ९८५१२७६२२२ |
| १२ | भक्तपुर नगरपालिकाको कार्यालय | प्र.प्र.अ. इन्द्रप्रसाद बस्याल | ६६१००७६ | ९८४१४०७३७३ |
| १३ | मध्पुरथिमी नगरपालिका कार्यालय | प्र.प्र.अ.विश्वराज मरासिनी | ६६३१४०५ | ९८५११९०५४२ |
| १४ | चाँगुनारायण नगरपालिका कार्यालय | प्र.प्र.अ.चिरन्जिवी तिम्सिना | ६६१६६११ | ९८५११७७९५५ |
| १५ | सूर्यविनायक नगरपालिका कार्यालय | प्र.प्र.अ.कमल ज्ञवाली | ६६१२४४३ | ९८५१२७७१११ |
| १६ | घरेलु तथा साना उद्योग कार्यालय | उ.अ.सुबोध कुमार साह | ५०९२६९६ | ९८५११८५८९२ |
| १७ | खानेपानी तथा सरसफाई डि. ५. | डि.प्र. हरिदत्त पौडेल | ५१८२२११ | ९८५१२३२८१० |

| सिन | कार्यालय | (कार्यालय प्रमुख कोरोना Focul Person) को नाम र नम्वर | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|---|
| १८ | का.उ.खानेपानी लिमिटेड दुधपाटी | शा.प्रमुख सुरेन्द्र हिमालय | ६६१०२३५ | ९८४९१८८२९१ |
| १९ | नेपाल टेलिकम भक्तपुर | का.प्र. दिनेशहर्ष बज्राचार्य | ६६१०००० | ९८५११०५५७० |
| २० | नेपाल टेलिकम ठिमी | का.प्र. सुरेन्द्र शाह | ६६३३६०० | ९८५१०२२१७६ |
| २१ | नेपाल विद्युत प्राधिकरण भक्तपुर | का.प्र. राजकुमार रमण | ६६११०९८ | ९८५१२७३७१४ |
| २२ | नेपाल विद्युत प्राधिकरण ठिमी | शाखा प्रबन्धक सुबोध शर्मा | ६६३५३२८ | ९८५१२७३७१५ |
| २३ | जुद्ध वारुण यन्त्र कार्यालय | का.प्र. राजनप्रसाद दाहाल | ६६१२३८२ | ९८५११५०९१३ |
| २४ | भक्तपुर उद्योग बाणिज्य संघ | का. अ. राजुमान बज्राचार्य | ६६१४८५१ | ९८४१२८५५७७ |
| २५ | नेपाल औषधी व्यवसायी संघ | महासचिव विनोद प्र. सापकोटा | ६६३२१०७ | ९८४१२८८६७५ |
| २६ | नेपाल रेडक्रस सोसाइटी | | | |

## ६. कोरोना Quick Response Team ( QRT)

जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार कोरोना संक्रमणको प्रतिरोधका लागि सम्बन्धित निकायका प्रतिनिधि सम्मिलित Quick Response Team ( QRT) गठन गरिएको छ । कोरोना प्रकोपको सूचना संकलन तथा प्रतिरोधका लागि सम्बन्धित निकाय संग समन्वय गरी परिचालन गर्ने काम QRT ले गर्नेछ ।

QRT ले आवश्यक परेको व्यक्तिलाई सदस्यको रुपमा थप गर्न सक्ने छ । मुख्य वेस जिल्ला प्रशासन कार्यालयमा रहने र आवश्यकता अनुसार अन्यत्रबाट समेत काम गर्न सक्ने छ । QRT को छुट्टै Viber Group बनाइएकोले सूचनाको गोप्यता कायम गर्दै उच्चतम समन्वय कायम रहने छ ।

**तालीकाः कोरोना प्रतिरोध कार्यका लागि गठित Quick Response Team ( QRT)**

| सि.नं. | नाम | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|
| १ | स.प्र.जि.अ. दिलिप प्र. लामिछाने-संयोजक | जिल्ला प्रशासन कार्यालय | ९८४०१०८५२४ |
| २ | गणपति शिबप्रसाद पौडेल - सदस्य | विरदल गण सुर्यविनायक व्यारेक | ९८५११५९१८८ |
| ३ | प्र.उ. सबिन प्रधान- सदस्य | महानगरिय प्रहरी परिसर | ९८५१२१५५५५ |
| ४ | स.प्र.उ. विश्व कुमार भट्टराई- सदस्य | सशस्त्र प्रहरी बलनं.२२ | ९८५१२७२०३४ |
| ५ | उ.अ.नि. सुरेन्द्र कोइराला - सदस्य | रा.अ.वि.जिल्ला कार्यालय | ९८५११७४५४६ |
| ६ | जि.स.अ.जगन्नाथ लामिछाने - सदस्य | जिल्ला समन्वय समितिको कार्यालय | ९८५१२७६२२२ |
| ७ | प्र.प्र.अ. इन्द्रप्रसाद बस्याल- सदस्य | भक्तपुर नगरपालिकाको कार्यालय | ९८४१४०७३७३ |
| ८ | प्र.प्र.अ.विश्वराज मरासिनी- सदस्य | मध्पुरथिमी नगरपालिका कार्यालय | ९८५११९०५४२ |

| सि.नं. | नाम | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|
| ९ | प्र.प्र.अ.चिरन्जिवी तिम्सिना- सदस्य | चाँगुनारायण नगरपालिका कार्यालय | ९८५११७७९५५ |
| १० | प्र.प्र.अ.कमल ज्ञवाली- सदस्य | सूर्यविनायक नगरपालिका कार्यालय | ९८५१२७७१११ |
| ११ | मे.सु. डा.सुमित्रा गौतम- सदस्य | भक्तपुर अस्पताल | ९८५८०२३०४७ |
| १२ | का.प्र. कृष्णबहादुर मिजार- सदस्य | स्वास्थ्य कार्यालय भक्तपुर | ९८४१८८४४१९ |
| १३ | प्र.अ. यज्ञराज जोशी- सदस्य सचिव | जिल्ला प्रशासन कार्यालय | |

## ७. विपदमा पालना गर्नु पर्ने सामान्य आचरण

कोरोना प्रकोपको पूर्व तयारीको क्रममा तथा सम्भावित प्रकोप यस जिल्लामा भएको अवस्थामा संक्रमित लगायत सवैले देहायका सामान्य नियमहरु पालना गर्नुपर्दछ ।

१. खोक्दा हाछ्यु गर्दा नाक र मुख अनिवार्यरुपमा छोप्ने, संक्रमणलाई ध्यान दिइ थोरै मात्रै कुरा गर्ने कुरा गर्दा १ मिटरको दुरी कायम गर्ने ।

२. रुघा खोकी लागेका व्यक्तिहरुबाट टाढा बस्ने र उनीहरुलाई सकेसम्म छुट्टै बासस्थानको समेत व्यवस्था मिलाउने । संक्रमित भएको शंका भएमा वा रुघा खोकीको लक्षण देखिएमा तुरुन्त चिकित्सकको परामर्श लिई हाल्ने।

३. अस्पतालमा प्रवेश गर्दा सावधानिका उपयुक्त उपायहरु अपनाउने

४. सबैले सम्मानजनक र नम्र ब्यवहार गर्ने, सहयोगी बन्ने, जाति, धर्म, लिङ्ग, भाषा-भेषभुषा, भेग वा अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने ।

५. नसालु तथा मादक पदार्थ सेवन नगर्ने । अशिष्ट, अभद्र र अस्वभाविक आचरण नगर्ने। रिसाउने, झैझगडा गर्ने र घाउचोट पुर्‍याउने कार्य नगर्ने । अनावश्यक टिकाटिप्पणी र अफवाह संप्रेषण नगर्ने ।

६. संक्रमित ब्यक्तिहरु निर्दिष्द स्थानमा मात्र रहने, भाग्ने वा भाग्ने कशिस गरेको देखेमा वा शंका लागेमा तुरुन्त खवर गर्ने ।

७. सुरक्षाको लागि खटिएका सुरक्षाकर्मीले अनिवार्य रुपमा ब्यक्तिगत स्वास्थ्य सुरक्षा उपकरण लगाउनु पर्ने तथा आफ्नो पर्शनल सेक्युरिटी प्रति जिम्मेवार रहनु पर्ने

८. डिउटीमा खटिएका सुरक्षाकर्मीले अनाधिकृत व्यक्ति बाहिरबाट भित्र र संक्रमित विरामीलाई भित्रबाट बाहिर जान नदिने, हुलदंगा र जमघट हुन नदिने ।

९. सम्भावित विपद्को अवस्थामा जिल्ला स्थित विपद् व्यवस्थापन समितिको निर्देशनका आधारमा तथा QRT को समन्वयमा सवै निकाय परिचालित हुने ।

## ८. प्रतिकार्य योजनामा जिम्मेवार निकायहरू तथा भूमिका

छिमेकी राष्ट्र भारत र चीनमा कोरोना संक्रमण भई ज्यान गुमाइरहेको तथ्य समेतका आधारमा नेपालले पनि यसका लागि पर्याप्त सतर्कता अपनाउनुपर्ने देखिएको छ ।यस अवस्थामा भक्तपुर जिल्लामा कोरोना भाईरसको संक्रमण, रोकथाम, नियन्त्रण र सजगता व्यवस्थापनका लागि जिल्ला स्थित जिम्मेवार सम्पूर्ण सरकारी निकायहरूको भूमिका र जिम्मेवारी उल्लेख गरी यो संयुक्त संक्रमण प्रतिकार्य योजना तयार गरिएको छ ।

विपद् व्यवस्थापनका चक्रमा आधारित रही कोराना भाइरसको रोकथाम न्यूनिकरण र पूर्वतयारीका सम्बन्धमा आवश्यक कामहरु देहायका निकायहरुले गरिनेछ ।

| चरण | गरिने कामहरु | जिम्मेवार निकाय | संयोजन र जिम्मेवारी |
|---|---|---|---|
| **१. सवै चरणमा** | • कोरोना संक्रमणको सम्बन्धमा तोकिएको ब्यक्तिले आधिकारीक श्रोतबाट मात्र सुचना प्रवाह गर्ने । | QRT | प्र.अ.यज्ञराज जोशी<br>जिल्ला प्रशासन कार्यालय |
| **२. रोकथाम, न्यूनिकरण र पूर्वतयारी सम्बन्धी कार्यहरु** | • विपद् व्यवस्थापन सम्बन्धी सम्पर्क व्यक्ति तोक्ने र सूचनाको आदन प्रदान गर्ने । | सवै नगरपालिकाहरु, सवै जिम्मेवार कार्यालयहरु, नेपाल रेडक्रस सोसाइटी | स.प्र.जि.अ. दिलिप प्र.लामिछाने<br>जिल्ला प्रशासन कार्यालय |
| | • संक्रमणको रोकथाम नियन्त्रण र सजगता अपनाउन सचेतनामूलक अभियान निरन्तर सञ्चालन गर्ने<br>• आवश्यकता अनुसार स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, सेनिटाइजर) वितरण गर्ने । | सवै नगरपालिकाहरु<br>जिल्ला स्वास्थ्य कार्यालय<br>नेपाल रेडक्रस सोसाइटी | जिल्ला स्वास्थ्य कार्यालय<br>का.प्र. कृष्णबहादुर मिजार |
| | • जिल्लाभित्र जमघट, भीडभाड, खेलकुद, सभा सम्मेलन नगर्ने गराउन नदिने | जिल्ला प्रशासन कार्यालय<br>महानगरीय प्रहरी परिसर | प्र.जि.अ.हुमकला पाण्डे<br>जिल्ला प्रशासन कार्यालय |

| चरण | गरिने कामहरु | जिम्मेवार निकाय | संयोजन र जिम्मेवारी |
|---|---|---|---|
| | • कोरोना भाइरस प्रतिकार्य योजना तयार गर्ने र समय समयमा अद्यावधिक गर्दै रहने। | QRT | जिल्ला स्वास्थ्य कार्यालय<br>का.प्र. कृष्णबहादुर मिजार |
| | • कालो बजारी र कृत्रिम अभाव हुन नदिन नियमितरुपमा बजार अनुमगन गर्ने<br>• कालाबजारी गर्ने लगायतका कार्य नियन्त्रण गर्न गराउन छलफल तथा अन्तरक्रिया गर्ने । | जिल्ला प्रशासन कार्यालय<br>महानगरीय प्रहरी परिसर<br>घरेलु तथा साना उद्योग कार्यालय | स.प्र.जि.अ. दिलिप प्र.लामिछाने<br>जिल्ला प्रशासन कार्यालय |
| | • जिल्ला स्थित अस्पतालहरु उपचारका लागि तयार हालतमा राख्ने,<br>• स्वास्थ्यकर्मीहरु आवश्यक परेको समयमा स्वास्थ्य सेवा उपलव्ध गराउन तयारी अवस्थामा राख्ने<br>• सरकारी तथा निजी अस्पतालहरुमा आइसोलेसन कक्षहरु तयार गर्ने | जिल्ला स्वास्थ्य कार्यालय<br>जिल्लास्थित अस्पतालहरु | जिल्ला स्वास्थ्य कार्यालय<br>का.प्र .कृष्णबहादुर मिजार |
| | • नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको व्यारेकमा आइसोलेसन वार्ड वनाई औषधि, उपकरण र स्वास्थ्यकर्मी तयारी हालतमा राख्ने । | विरदल गण सूर्यविनायक व्यारेक<br>महानगरीय प्रहरी परिसर<br>सशस्त्र प्रहरी बल | गणपति शिवप्रसाद पौडेल<br>प्र.उ. सविन प्रधान<br>स.प्र.उ. विश्व कुमार भट्टराई |
| | • स्थानीय तहमा रहेका कम्तिमा १/१ वटा एम्बुलेन्स आवश्यक मोडिफाइ गरी तयार हालतमा राख्ने<br>• जनतालाई सुसुचित गरी Movement Control गराउने<br>• नगरपालिकाहरुले आ-आफ्नो क्षेत्रमा आवश्यक पर्दा क्वारेन्टाइन संचालन गर्ने स्थान छनौट गरी QRT मा खवर गर्ने | सवै नगरपालिकाहरु | प्र.जि.अ.हुमकला पाण्डे<br>जिल्ला प्रशासन कार्यालय<br>QRT |

| चरण | गरिने कामहरु | जिम्मेवार निकाय | संयोजन र जिम्मेवारी |
|---|---|---|---|
| | • एम्बुलेन्स चालकका लागि आवश्यक स्वस्थ्य सुरक्षा सामाग्री उपलब्ध गराइ स्वास्थ्य सुरक्षा सम्बन्धी अभिमुखिकरण दिने।<br>• स्वास्थ्य मन्त्रालयसंगको समन्वयमा जिल्लाभरका स्वास्थ्यकर्मीहरुका लागि आवश्यक पर्ने स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, सेनिटाइजर, पिपिइसुट, स्क्यानर आदि) व्यवस्था गर्ने | जिल्ला स्वास्थ्य कार्यालय | जिल्ला स्वास्थ्य कार्यालय<br>का.प्र .कृष्णबहादुर मिजार |
| | • आफ्नो कार्यालय तथा परिसर सफा सुग्घर राख्ने सेवाग्राही समेतका लागि साबुन पानी, सेनिटाइजरको व्यवस्था गर्ने र संभावित संक्रमणको निगरानी राख्ने ।<br>• विषम परिस्थितिमा स्वास्थ्य सेवा प्रयोजनका लागि कार्यालय भवन तथा परिसर एवं अन्य श्रोत साधन उपलब्ध गराउने ।<br>• कार्यालय प्रमुखले वाध्यात्मक परिस्थितिमा वाहेक विदा नवस्ने वस्नुपर्ने भएमा प्र.जि.अ.को अनुमति लिने । | जिल्लास्थित सवै कार्यालयहरु | QRT |
| | • कालो वजारी र कृतिम अभाव हुन नदिन वजार अनुगमन गर्ने ।<br>• जिल्लास्थित औषधि विक्रि गर्ने संस्था/पसलको अनुगमन गर्ने ।<br>• रोग फैलनबाट रोक्न जनचेतनामुलक कार्यक्रम गर्ने<br>• नागरिकलाई सुसूचित गराउने तथा अफवाह निरुत्साहित गर्ने | उद्योग वाणिज्य संघ, नेपाल औषधी व्यवसायी संघ, उपभोक्ता, पत्रकार नागरिक समाज | प्र.जि.अ.हुमकला पाण्डे<br>जिल्ला प्रशासन कार्यालय |
| | | | |
| **३. सम्भावित विपद्को अवस्था** | • कोरोना संक्रमण भइ हालेको स्थितिमा सोको सूचना संकलन गर्ने<br>• संक्रमित क्षेत्रबाट सुरक्षित तवरले विरामी अस्पतालमा पठाउने<br>• उपचार एवं संक्रमण रोकथामका लागि आवश्यक जनशक्ति श्रोत साधन परिचालन गर्ने | QRT | प्र.जि.अ.हुमकला पाण्डे<br>जिल्ला प्रशासन कार्यालय<br>QRT |

| चरण | गरिने कामहरु | जिम्मेवार निकाय | संयोजन र जिम्मेवारी |
|---|---|---|---|
| | • संक्रमणको कारणले विषम परिस्थिति उत्पन्न भएमा तोकिएको इलाका Lock Down गर्न योजना वनाई तयार रहने ।<br>• वार्ड भएका व्यारेकहरुमा उपचार व्यवस्था मिलाउने। | विरदल गण सूर्यविनायक व्यारेक<br>महानगरीय प्रहरी परिसर<br>सशस्त्र प्रहरी बल नं . 22 | प्र.जि.अ.हुमकला पाण्डे<br>जिल्ला प्रशासन कार्यालय<br>QRT |
| | • अत्यन्त जरुरी कामका लागि कारण खुलाइएको अनुमतिबिना हिँडडुलमा पूर्ण रोक लगाउने, अवज्ञा गरे कारबाही गर्ने,<br>• अस्पतालहरुको सुरक्षा व्यवस्थापन गर्ने<br>• बिरामीलाई अस्पताल पुर्याउन एम्बुलेन्स व्यवस्था गर्ने,<br>• रोगको सम्बन्धमा सामाजिक संजाल लगायतका माध्यमबाट अफवाह फैलन नदिने | महानगरीय प्रहरी परिसर<br>सशस्त्र प्रहरी बल नं . 22 | प्र.जि.अ.हुमकला पाण्डे<br>जिल्ला प्रशासन कार्यालय<br>QRT |
| | • औषधि, खाद्यान्न, पेट्रोलियम पदार्थ र ग्यास जस्ता अत्यावस्यक सेवाको आपूर्ति व्यवस्था मिलाउने,<br>• कालो वजारी गर्नेलाई कडा कारबाही गर्ने,<br>• आवश्यकता अनुसार सुरक्षाकर्मी परिचालन गर्ने | जिल्ला प्रशासन कार्यालय<br>महानगरीय प्रहरी परिसर<br>सशस्त्र प्रहरी बल नं | प्र.जि.अ.हुमकला पाण्डे<br>जिल्ला प्रशासन कार्यालय<br>QRT |
| | • संक्रमित विरामीको उपयुक्त उपचार गर्ने, रेफर गर्नु पर्ने अवस्थामा सो अस्पताल संग समन्वय गरी रेफर गर्ने ।<br>• स्वस्थ्यकर्मी, अस्पतालका विरामी, खटने सुरक्षाकर्मी एवम् अन्य व्यक्तिहरुलाई संक्रमण फैलन नदिन आवश्यक प्रवन्ध गर्ने ।<br>• आइसोलेसनमा बेड, चिकित्सक, अक्सिजन र अन्य आवश्यक उपकरण तयारी हालतमा राख्ने ।<br>• प्रयोग भएका उपकरणहरु तथा फोहोरमैला र विकारजन्य पदार्थहरु उपयुक्त तरिकाबाट विसर्जन गर्ने<br>• औषधि पसल, प्रयोगशालाहरु चौविसै घण्टा खुला राख्ने | जिल्लास्थित सवै अस्पताल र स्वास्थ्य संस्थाहरु | QRT/ जिल्ला स्वास्थ्य कार्यालय |

| चरण | गरिने कामहरु | जिम्मेवार निकाय | संयोजन र जिम्मेवारी |
| --- | --- | --- | --- |
| | • जिल्लास्थित सवै स्वास्थ्य संघसस्थाहरुले आफ्नो स्वास्थ्य सेवा सूचारु राखी स्वास्थ्य कार्यालय र भक्तपुर अस्पतालसंगको समन्वय र सहकार्यमा रही सहयोग गर्ने । | जिल्लास्थित सवै निजी, सामुदायीक स्वास्थ्य संस्थाहरु | QRT/ जिल्ला स्वास्थ्य कार्यालय<br>भक्तपुर अस्पताल |
| | • सचेतनामूलक कार्यक्रमहरुलाई निरन्तरता दिने<br>• रक्तसंचार सेवा खुल्ला राख्ने<br>• संक्रमणमुक्त हुने किसिमले रगत संकलन र वितरण गर्ने<br>• स्वास्थ्य सुरक्षा सामाग्री वितरण गर्ने । | रेडक्रस सोसाइटी | QRT/ जिल्ला स्वास्थ्य कार्यालय |
| | • रोग फैलनबाट रोक्न जनचेतनामुलक कार्यक्रम गर्ने<br>• नागरिकलाई सुसूचित गराउने तथा अफवाह र हल्ला निरुत्साहित गर्ने | सवै नगरपालिकाहरु<br>जिल्ला स्वास्थ्य कार्यालय<br>संचारकर्मी पत्रकारहरु | प्र.जि.अ.हुमकला पाण्डे<br>जिल्ला प्रशासन कार्यालय |
| | • विजुली, टेलिफोन, खानेपानी सेवा निर्वाधरुपमा अवरोध रहित संचालन गर्ने | टेलिकम, विद्युत प्राधिकरण,KUKL | स.प्र.जि.अ. दिलिप प्र.लामिछाने<br>जिल्ला प्रशासन कार्यालय |
| | • जिल्लास्थित औषधि विक्रि गर्ने संस्था/पसलले तोकिएको मूल्यमा औषधि विक्रि गर्ने । सो को अनुगमन निरन्तर गर्ने । | QRT, जिल्ला स्वास्थ्य कार्यालय<br>औषधि व्यवसायी संघ | QRT/ जिल्ला स्वास्थ्य कार्यालय |